प्रस्तावहरु :

१. प्राथमिक स्वास्थ्य केन्द्रको सेवा प्रवाह सम्बन्धमा ।

२. प्लटिङ्ग व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धमा ।

३. सार्वजनिक जग्गामा अनाधिकृत रुपमा संरचना निर्माण सम्बन्धमा ।

४. माई मेला अनुगमन तथा व्यवस्थापन समिति गठन सम्वन्धमा

निर्णय न. १.

प्रस्ताव नं. १ मा छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गाको सेवा प्रवाह प्रभावकारी नभएको गुनासो आएकोले सो स्वास्थ्य केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय न. २.

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरक्षेत्र भित्र जग्गा प्लटिङ्ग गर्नु पूर्व अनिवार्यरुपमा नगरपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्थालाई कडाईको साथ लागू गर्ने । स्वीकृति नलिई प्लटिङ्ग गर्ने व्यवसायीलाई कानूनी कारवाहीको दायरामा ल्याउने निर्णय गरीयो ।

निर्णय न. ३.

यस नगरपालिकाको वडा नं. ४ स्थित कोटीहोम क्षेत्रको सार्वजनिक जग्गामा अनाधिकृत रुपमा पूर्ण लाल श्रेष्ठले निर्माण गरी रहेको घर भत्काउन निजलाई १५ दिनको म्याद दिने सो म्याद भित्रमा सो घर भत्काएको नपाइएमा अन्य सरोकारवलाहरुको रोहवरमा उक्त घर भत्काउने निर्णय गरियो ।

निर्णय न. ४.

कनकाई नगरपालिकाको वडा नं. ९ को वडा कार्यालय रहेको जग्गा यस अघि वडा कार्यालय बनाउन प्रदान गरिए बमोजिम वडा कार्यालय निर्माण कार्य सम्पन्न भई सकेको तर हाल सम्म पनि उक्त जग्गा नगरपलिकाको नाममा नामसारी भइ नसकेको हुनाले जग्गाधनी संग सो सम्वन्धमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय न. ५

सधैं झैं यस वर्ष पनि माई नदी क्षेत्रमा लाग्ने माइ मेलालाई थप व्यवस्थित वनाउन वडा नं. ४ का वडाअध्यक्षको संयोजकत्वामा सम्वन्धित सरोकारवलाहरुको सहभागितामा माई मेला अनुगन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।